संघीय संसद
प्रतिनिधि सभा
एघारौं अधिवेशन
बैठक संख्या - १६

सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०७९ साल जेठ २३ गते सोमबार

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री अग्निप्रसाद सापकोटाको अध्यक्षतामा बिहान ११:२० बजे प्रारम्भ भयो ।

सर्वप्रथम बैठकको प्रारम्भमै हात उठाएर निम्नलिखित मा० सदस्यहरुले सरकारले विना पूर्वाधार सवारी साधनमा इम्बोस्ड नम्बर प्लेट राख्नको लागि गरेको निर्णय उचित नभएको, अछाम जिल्ला पञ्चदेवल विनायक नगरपालिकामा प्रशासनको सहयोगमा ने.क.पा. एमालेका कार्यकर्ताहरुलाई धम्क्याउने कार्य भएको, हज यात्रीहरुसँग महँगो रकम असुल गरिएको, अछाम जिल्ला पञ्चदेवल विनायक नगरपालिकामा १० कक्षामा अध्ययनरत विद्यार्थीको हत्याको घटना लगायतका विषयमा आ-आफनो भनाई राख्नुभयो :-

१. मा० श्री गगन कुमार थापा
२. मा० श्री यज्ञ बहादुर बोगटी
३. मा० श्री समिना हुसेन
४. मा० श्री रामबहादुर विष्ट

त्यसपछि "यौन हिंसा विरुद्धका केही ऐनलाई संशोधन गर्ने विधेयक, २०७९ माथि विचार गरियोस्" भन्ने प्रस्तावमाथि अर्थात् विधेयकमाथिको जारी सामान्य छलफलमा निम्नलिखित मा० सदस्यहरुले भाग लिनुभयो :-

१. मा० श्री सरिता कुमारी गिरी
२. मा० श्री प्रकाश रसाईली (स्नेही)
३. मा० श्री गगन कुमार थापा
४. मा० श्री चाँदतारा कुमारी
५. मा० श्री रेनुका गुरुङ्ग
६. मा० श्री गंगा चौधरी (सत्गौवा)
७. मा० श्री मिन बहादुर विश्वकर्म
८. मा० श्री अमृता थापा
९. मा० श्री दुर्गा पौडेल
१०. मा० श्री प्रेम सुवाल
११. मा० श्री पवित्रा निरौला (खरेल)
१२. मा० श्री विमला विश्वकर्मा

तदुपरान्त म० कानुन, न्याय तथा संसदीय मामिला मन्त्री श्री गोविन्द प्रसाद शर्मा (कोइराला)ले छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

तत्पश्चात सम्माननीय सभामुखले "यौन हिंसा विरुद्धका केही ऐनलाई संशोधन गर्ने विधेयक, २०७९ माथि विचार गरियोस्" भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

त्यसपछि मा० कानुन, न्याय तथा संसदीय मामिला मन्त्री श्री गोविन्द प्रसाद शर्मा (कोइराला)ले "फौजदारी कसूर तथा फौजदारी कार्यविधि सम्बन्धी केही ऐन संशोधन गर्ने विधेयक, २०७९ माथि विचार गरियोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्नुभयो ।

तदुपरान्त "फौजदारी कसूर तथा फौजदारी कार्यविधि सम्बन्धी केही ऐन संशोधन गर्ने विधेयक, २०७९ माथि विचार गरियोस्" भन्ने प्रस्तावमाथि अर्थात् विधेयकमाथिको सामान्य छलफलमा निम्नलिखित मा० सदस्यहरुले भाग लिनुभयो :-

१. मा० श्री पुष्पा भुसाल (गौतम)
२. मा० डा० डिला सँग्रौला (पंत)
३. मा० श्री विन्दा पाण्डे
४. मा० श्री दुर्गा कुमारी विश्वकर्मा
५. मा० श्री प्रेम सुवाल
६. मा० श्री कृष्णभक्त पोखेल
७. मा० श्री प्रकाश रसाईली (स्नेही)
८. मा० श्री मन कुमारी जि.सी.
९. मा० डा० शिवमाया तुम्वाहाङफे
१०. मा० श्री रेनुका गुरुङ्ग

तत्पश्चात मा० कानुन, न्याय तथा संसदीय मामिला मन्त्री श्री गोविन्द प्रसाद शर्मा (कोइराला)ले छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

त्यसपछि सम्माननीय सभामुखले "फौजदारी कसूर तथा फौजदारी कार्यविधि सम्बन्धी केही ऐन संशोधन गर्ने विधेयक, २०७९ माथि विचार गरियोस्" भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तदुपरान्त सम्माननीय सभामुखले विनियोजन विधेयक, २०७९ को विभिन्न शीर्षकहरुमाथिको छलफल अन्तर्गत कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, युवा तथा खेलकूद मन्त्रालय, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय र महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय सम्बन्धी विनियोजन शिर्षकहरुमाथि समुहिकृत रुपमा छलफल प्रारम्भ हुने व्यहोरा जानकारी गराउनु हुँदै उल्लिखित मन्त्रालय सम्बन्धी विनियोजन शिर्षकहरुमाथि ६ जना मा० सदस्यहरुबाट प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १४३ को उपनियम (१) को खण्ड (क), (ख) र (ग) बमोजिम खर्च कटौतीको प्रस्तावहरु प्राप्त हुन आएको व्यहोरा समेत जानकारी गराउनु भयो ।

तत्पश्चात खर्च कटौती प्रस्तावका प्रस्तावक निम्नलिखित मा० सदस्यहरुले आफ्नो खर्च कटौतीको प्रस्ताव प्रस्तुत गर्दै निर्धारित विनियोजन शीर्षकहरुमाथिको छलफलमा भाग लिनुभयो :-

१. मा० श्री प्रेम सुवाल
२. मा० श्री दुर्गा पौडेल
३. मा० डा० शिवमाया तुम्वाहाङफे
४. मा० श्री जगत बहादुर सुनार (विश्वकर्मा)
५. मा० श्री घनश्याम खतिवडा
६. मा० श्री जुली कुमारी महतो

त्यसपछि उक्त मन्त्रालयहरु सम्बन्धी विनियोजन शीर्षकहरुमाथिको छलफलमा निम्नलिखित मा० सदस्यहरुले भाग लिनुभयो :-

१. मा० श्री खगराज अधिकारी
२. मा० श्री पुष्पा भुसाल (गौतम)
३. मा० श्री दुर्गा कुमारी विश्वकर्मा
४. मा० श्री निरा देवी जैरु
५. मा० श्री प्रमोद साह
६. मा० श्री शान्ता चौधरी
७. मा० श्री तेजुलाल चौधरी
८. मा० श्री चाँदतारा कुमारी
९. मा० श्री लक्ष्मी कुमारी चौधरी
१०. मा० श्री रेनुका गुरुङ्ग
११. मा० श्री गोमा देवकोटा
१२. मा० श्री बिमला वि.क.
१३. मा० डा० डिला सँग्रौला (पंत)
१४. मा० श्री मन कुमारी जि.सी.
१५. मा० श्री मिना सुब्बा
१६. मा० श्री मैना कुमारी भण्डारी
१७. मा० श्री लक्ष्मी परियार
१८. मा० श्री विमला विश्वकर्मा
१९. मा० श्री प्रकाश रसाईली (स्नेही)
२०. मा० श्री दिव्यमणि राजभण्डारी
२१. मा० श्री सरीता न्यौपाने
२२. मा० श्री अञ्जना विसंखे
२३. मा० श्री पार्वती कुमारी विसुन्के
२४. मा० श्री कृष्णभक्त पोखेल
२५. मा० श्री पवित्रा निरौला (खरेल)
२६. मा० श्री प्रेम प्रसाद तुलाचन

तदुपरान्त सम्माननीय सभामुखले विनियोजन विधेयक, २०७९ छलफल अन्तर्गत मन्त्रालयगत विकास कार्यक्रम समेटिएको पुस्तक अधिकाँश मन्त्रालयबाट प्राप्त हुन नआएको भनी मा० सदस्यहरुले कुरा उठाउनु भएको छ, त्यसतर्फ मेरो ध्यानाकर्षण भएको छ । तसर्थ, मन्त्रालयगत वार्षिक विकास कार्यक्रम सम्बन्धी पुस्तक यथाशिघ्र मा० सदस्यहरुले प्राप्त गर्ने व्यवस्था मिलाउन सम्बन्धित मा० मन्त्री एवं सरकारको ध्यानाकर्षण गराउँछु भन्नुभयो ।

तत्पश्चात सम्माननीय सभामुखले विनियोजन विधेयक, २०७९ अन्तर्गत कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, युवा तथा खेलकूद मन्त्रालय, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय र महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकहरुमाथिको छलफलमा मा० सदस्यहरुले बोल्ने क्रम समाप्त भएको जानकारी गराउनु भयो ।

त्यसपछि सम्माननीय सभामुखले विनियोजन विधेयक, २०७९ अन्तर्गत श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, वन तथा वातावरण मन्त्रालय, सँस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय र भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकहरुमाथिको समूहीकृत छलफल मिति २०७९ जेठ २४ गतेको बैठकमा हुने व्यहोरा मा० सदस्यहरुलाई जानकारी गराउनु भयो ।

तदनन्तर प्रतिनिधि सभाको अर्को बैठक २०७९ साल जेठ २४ गते मंगलबार बिहान ११:०० बजे बस्नेगरी आजको बैठक साँझ ६:१५ बजे स्थगित भयो ।

डा. भरतराज गौतम
संघीय संसदको महासचिव